किस्पाङ गाउँपालिका
गाउँ कार्यापालिकाको कार्यालय
(शिक्षा युवा तथा खेलकुद शाखा)
काहुले, नुवाकोट
२०७३

प.स. ०७९/०८०
च.नं ६३८

मितिः२०७९/०९/२२

श्री सम्पूर्ण सामुदायिक विद्यालयहरु
किस्पाङ गाउँपालिका, नुवाकोट ।

**विद्यालय क्षेत्र विकास कार्यक्रमको लागि माग तथा प्रस्ताव पेश गर्ने सम्बन्धि जरुरी सूचना।**

प्रस्तुत विषयमा यस कार्यालयको आर्थिक वर्ष २०७९/८० को वार्षिक स्वीकृत विद्यालय क्षेत्र विकास कार्यक्रम अन्तर्गत सामुदायिक विद्यालयहरूमा तपसिलका क्रियाकलापहरु संचालन गर्नका लागि विद्यालय छनौट गर्नुपर्ने भएकाले मिति २०७९ माघ ०९ गते कार्यालय समयभित्र यस कार्यालयको शिक्षा युवा तथा खेलकुद शाखामा आइपुग्ने गरी माग पेश गर्नु हुन सम्बन्धित सामुदायिक विद्यालयहरूलाई जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

..............................
चक्र साउद
(शिक्षा अधिकृत)

तपसिलः

| क्र. स. | क्रियाकलापहरू/विनियोजित बजेट | भौतिक लक्ष्य | संगलन गर्नुपर्ने कागजातहरू |
|---|---|---|---|
| १ | तोकिएको सुचाङ्कको आधारमा कार्य सम्पादन सम्पन्न गर्ने विद्यालयलाई कार्य सम्पादनमा आधारित अनुदान ( Performance based Grants) (प्रति विद्यालय ५० हजार ) | ४ | ➢ अनुदान रकम मागका लागि विद्यालयको पत्र<br>➢ विद्यालय अनुदान व्यवस्थापन निर्देशिका २०७४ को अनुसूची - ३ मूल्यांकन फारमको प्रमाणित प्रतिलिपि<br>➢ गत आ.व को audit रिपोर्ट<br>➢ सम्बन्धित वडाको सिफारिस पत्र । |



Scanned with CamScanner

| | | | |
|---|---|---|---|
| २ | पढ्दै कमाउँदै कार्यक्रम (१० लाख) | १ | ➢ गत आ.व.को विद्यालय प्रगति प्रतिवेदन<br>➢ अनुदान रकम मागका लागि विद्यालयको पत्र<br>➢ गत आ.व को audit रिपोर्ट<br>➢ सम्बन्धित वडाको सिफारिस पत्र । |
| ३ | नमुना विद्यालयको शैक्षिक तथा व्यवस्थापकीय योजना कार्यान्वयनका लागि कार्यसम्पादनमा आधारित अनुदान (३० लाख) | १ | ➢ अनुदान रकम मागका लागि विद्यालयको पत्र<br>➢ विद्यालय अनुदान व्यवस्थापन निर्देशिका २०७४ को अनुसूची -३ मूल्यांकन फारम प्रमाणितको प्रमाणित प्रतिलिपि<br>➢ गत आ.व को audit रिपोर्ट<br>➢ सम्बन्धित वडाको सिफारिस पत्र । |
| ४ | शिक्षक दरवन्दी तथा शिक्षक अनुदान प्राप्त नगरेका सामुदायिक विद्यालयहरुलाई एकमुष्ठ अनुदान ( १० लाख) | १ | ➢ गत आ.व.को विद्यालय प्रगति प्रतिवेदन<br>➢ अनुदान रकम मागका लागि विद्यालयको पत्र<br>➢ गत आ.व को audit रिपोर्ट<br>➢ सम्बन्धित वडाको सिफारिस पत्र । |
| ५ | विद्यालयमा विज्ञान प्रयोगशाला अनुदान (प्रति विद्यालय ६ लाख ५० हजार) | १ | ➢ विगत २ वर्षको अवधिभित्र जि.शि.स.इकाई नुवाकोट, प्रदेश सरकार वा अन्य सरकारी तथा गैर सरकारी निकायबाट हाल माग गरेको प्राकृतिको कार्यक्रम प्राप्त नगरेको व्यहोरा खुलेको पत्र<br>➢ पुस्तकालय/ विज्ञान प्रयोगशाला जुन कार्यक्रमका लागि अनुदान माग गर्ने हो त्यसको स्थापनाको लागि आवश्यक कक्ष/कोठा भई उक्त कार्यक्रम कार्यान्वयन गर्नका लागि नमुना विद्यालय सञ्चालन निर्देशिका २०७४ को सम्बन्धित खण्ड २ अनुसूचिमा भएको आधार तथा स्पेसिफिकेशनको परिधिभित्र रहेर सार्वजनिक खरिद ऐन २०६३, नियमावली २०६४ तथा विद्यालय खरिद दिग्दर्शन अनुसारका प्रक्रियाहरु पुरा गरी सामग्री खरिद तथा व्यवस्थापन गर्ने कार्ययोजना सहित उल्लेख गरेर तयार पारिएको प्रस्तावना<br>➢ गत आ.व. को audit रिपोर्ट र सम्बन्धित वडाको सिफारिस । |
| ६ | विद्यालयमा पुस्तकालय स्थापना तथा व्यवस्थापन (फिक्सिङ्ग , पुस्तक खरिद तथा ई-पुस्तकालय समेत) (प्रति विद्यालय ६ लाख ५० हजार) | १ | |

बोधार्थः श्री सूचना प्रविधि अधिकृतज्यू : सूचना वेबसाइटमा अपलोड गरिदिनु हुन ।



Scanned with CamScanner